श्री उच्च अदालत सुर्खेत
दर्ता नं.: ११६६
दर्ता मिति: २०८१/०९/२०
दर्ता गर्नेको सही:

## श्री उच्च अदालत सुर्खेतमा चढाएको
## निवेदन-पत्र

बिषयः परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरीपाउँ ।

| | |
|---|---|
| जिल्ला मुगु, छायाँनाथ रारा न.पा., वडा नं.१२ स्थायी ठेगाना भई हाल जिल्ला सुर्खेत, बीरेन्द्रनगर न.पा., वडा नं.३ मुलपानी बस्ने स्व.रामलाल ऐडीको नाति, रामसिंह ऐडीको छोरा अधिवक्ता प्रकाश बाबु ऐडी (मो.नं.९८४८०३१६९९) ..............................१<br>जिल्ला बाँके, नेपालगन्ज उप-महानगरपालिका, वडा नं.१८ घर ठेगाना भई हाल अनौपचारिक सेवा केन्द्र इन्सेक कर्णाली प्रदेश संयोजक बर्ष ४५ को नारायण सुवेदी ९८५८०२१६८९..............................१ | निवेदक |

### विरुद्ध

| | |
|---|---|
| श्री मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत..........१<br>श्री सामाजिक विकाश मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत..........१<br>श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत..........१<br>श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत..........१<br>श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर सुर्खेत..........१ | प्रत्यर्थी |

मुद्दाः परमादेश

१. म निवेदक उच्च अदालत नियमावली, २०७३ को नियम ३५ बमोजिम लाग्ने दस्तुर रु. ५००।०० यसैसाथ राखि नेपाली नागरिकको हैसियतले संबिधानद्वारा प्रद्धत मौलिक हक एवं कानूनद्वारा प्रद्धत अधिकार उपभोग गर्न पाउने माग गर्ने हकदैया समेत हुनुका साथै बैकल्पिक उपचारको अन्य कुनै मार्ग नभएकोले नेपालको संबिधानको धारा १६, १८, २०, ३० र ३९ समेतको मौलिक हक प्रचलनार्थ धारा ४६ र १४४ (२) बमोजिम यो रिट निवेदन लिई उपस्थित भएका छौं, बिपक्षीहरुको नाममा परमादेश लगायत जो चाहिने निर्देशन, आज्ञा आदेश जारी गरिपाउँ ।

(क) हामी निवदेकहरु मध्ये म निवेदक अधिवक्ता प्रकाश बाबु ऐडी कानुन व्यवसायी पेसामा क्रियाशील भई कानूनको शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र मानव अधिकारको संरक्षणको पक्षधर रही सामाजिक न्यायको क्षेत्रमा आवाज उठाउदै आइरहेको र निवेदक नारायण सुवेदी मानव अधिकारको क्षेत्रमा कार्य गर्दै सामाजिक न्यायका लागि आवाज उठाउदै आइरहेको छु । नेपालको संविधानले नागरिकको गुणस्तरिय जीवनको परिकल्पना गर्दै शिक्षा, स्वास्थ्य, गाँस, बास र कपास, जस्ता आधारभूत आवश्यकताको परिपूर्ति राज्यबाट स्वच्छ र स्वस्थ वातावरणमा निःशुल्क तथा सर्वशुलभ तवरबाट उपलब्ध हुने व्यवस्थाको परिकल्पना गरेको छ।

(ख) नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको अवस्था छ । बालबालिका देशका भविष्यका कर्णधार हुन । स्वच्छ, सक्षम, सबल र शिक्षित बालबालिका नै समुन्नत राष्ट्र निर्माणका पूर्वाधार हुन । बालबालिकालाई सक्षम, सवल र सदाचारी बनाउने जिम्मेवारी परिवार र समाजको मात्र नभई समग्र राष्ट्रको पनि रहन्छ । कुलत, कुसंस्कार, अपहेलनाँ, चेतनाको कमी, माया प्रेमको अभाव लगायत विभिन्न कारणले बालबालिकाहरु कानुन विपरितका कार्यमा संलग्न हुन सक्ने अवस्था रहेकोले बालबालिकाबाट कानूनको उल्लङ्घन हुँन नपाउने वातावरण निर्माणको लागि हामी सबै जिम्मेवार हुनु पर्दछ ।अपराध विहिन समाजको परीकल्पना हुन नसके जस्तै बालबालिकाबाट अपराध हुन हुदैन भनी कल्पना पनि गर्न सकिदैन । बालकले गरेको अपराधलाई अपराध नभनी कानूनको विवादमा परेका बालक भन्ने गरिएको छ भने यस्ता बालबालिकालाई उमेर पुगेको व्यक्तिलाई जस्तै प्रहरी हिरासतमा नै राखी अनुसन्धान नगरी निगरानी कक्षमा राखी अनुसन्धान गर्नु पर्ने र मुद्दा पुर्पक्षको क्रममा वा सजाय भुक्तानको क्रममा पनि कारागारमा नपठाई बाल सुधार गृहमा पठाउनु पर्ने व्यवस्था बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा २२ ले गरेको छ । त्यसैगरी ऐ. ऐनको दफा २४ को उपदफा (१) ले कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसंग धरौटी वा जमानत मागिने छैन भन्ने व्यवस्था गरेको छ र ऐ.ऐ. को उपदफा (२) मा बाल अदालतले कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई बाल सुधार गृहमा राख्न सक्ने व्यवस्था समेत गरेको छ । त्यसैगरी बालबालिका नियमावली, २०७८ को नियम १७ मा नेपाल सरकारले प्रदेश सरकारको सहकार्यमा आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना र सञ्चालन गर्न सक्ने समेत व्यवस्था गरेको छ ।

(ग) विद्यमान बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको कारवाही गर्न नेपाल सरकारले आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने कानूनी प्रावधान समेत रहेको छ । विद्यमान कानुनी व्यवस्था बमोजिम कानुनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसँग सम्बन्धित विभिन्न निकायबीच समन्वय गर्न दफा ४६ बमोजिम सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रिय बालन्याय समिति र दफा ४७ मा प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिको व्यवस्था रहेको छ । नेपाल राज्यभरका ७७ वटै जिल्लाका जिल्ला अदालतहरुमा बाल इजालसबाट बालन्याय सम्बन्धी कार्य सम्पादन भइरहेको अवस्था छ । नेपालका ७ वटा प्रदेश मध्ये ६ वटा प्रदेशमा ८ वटा बालसुधार गृहहरु स्थापना भई कार्यान्वयनमा रहेका छन् । जसमध्ये कोशी प्रदेशको विराटनगर, मधेश प्रदेशको वीरगंज, बागमती प्रदेशको मकवानपुर र भक्तपुर, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको भैरहवा र नेपालगन्ज तथा सुदूरपश्चिम प्रदेशको डोटीमा गरी जम्मा ८ वटा बालसुधार गृह रहेका छन् भने हालसम्म कर्णाली प्रदेशमा मात्र बालसुधार गृहको स्थापना हुन नसकेको अवस्था बिद्यमान रहेको छ ।

(घ) प्राप्त तथ्याङ्क अनुसार हाल जंयन्द्र बाल सुधार गृह बांकेमा कुल २५७ जना बालकहरु पुर्पक्ष तथा सजाय भुक्तान गरिरहेका छन् । जसमध्ये कर्णाली प्रदेशका १० वटा जिल्लामा अवस्थित अदालतहरुको आदेश/फैसला बमोजिम क्रमश सुर्खेत-१९, जुम्ला-१०, कालिकोट-४, मुगु-७, डोल्पा-१, दैलेख-६, रुकुम पश्चिम-८, सल्यान-१५, जाजरकोट-६, हुम्ला-४ गरी जम्मा ८० जना बालबालिका कर्णाली प्रदेशमा बाल सुधार गृहको अभावको कारण लुम्विनी प्रदेश स्थित बांके जिल्लाको डडुंवा गाउँपालिका, वडा नं.६ मा रहेको जयन्द्र बाल सुधार गृहमा पठाइएको अवस्था छ । उक्त बाल सुधार गृहमा रहेका कुल बालकहरु मध्ये २८ जना बालक कक्षा १२ मा अध्यनरत रहेको र जसमध्ये ४ जना बालक कर्णाली प्रदेशका रहेका छन् । यसरी कर्णाली प्रदेशमा बाल सुधार गृह नहुंदा कानुनको बिवादमा परेका बालकलाई लुम्विनी प्रदेशको नेपालगन्ज पठाउनु पर्ने अवस्था छ भने अर्को तर्फ नेपालगन्जमा रहेको उक्त बाल सुधार गृहमा लुम्विनी प्रदेशको अलावा कर्णाली प्रदेशका समेत बाल कैदीहरुलाई लगि राखे गरिएको कारण उक्त वाल सुधार गृहमा बन्दीहरुको चाँप अत्याधिक बढ्न गई बाल सुधार गृहको अवधारणा बमोजिम बालबालिकाहरुले उचित स्वास्थ्य उपचार, स्वस्थकर तथा पोसिलो खानपान, अध्ययनको व्यवस्था, बालमैत्रीपूर्ण बोली–वचन तथा व्यवहार लगायतका सुविधा उपभोग गर्नबाट बञ्चित हुन परेको छ भने बाल सुधार गृहको क्षमता भन्दा वढी वालकैदी राखेकै कारण बाल

सुधार गृहको आन्तरिक व्यवस्थापनमा पनि अत्याधिक कठिनाई सृजना भई वाल सुधार गृहको अवधारण बमोजिम उचित वातावरण नरहएकै कारण बाल बन्दीहरुको आचारणमा सकारात्मक सुधार भन्दा पनि उनीहरुमा झनै हिंस्रक मनोभावनाको विकास हुन सक्ने देखिन्छ र यसको ज्वलन्त उदाहरणको रुपमा विगतमा विभिन्न वाल सुधार गृहमा बाल कैदीहरु बीच एकआपसमा झडप भई ज्यानै जानेसम्मको दुर्घटना समेत भएको र बांके स्थित उक्त बाल सुधार गृहमा मिति २०८० साल अशोज ०९ गते भएको झडपमा एकजना बालकको मृत्यु समेत हुन गएको तथ्यलाई लिन सकिन्छ ।

(ङ) रोग, भोग र अभावको विरासत बोकेको कर्णाली प्रदेश विकाश सूचाङकमा सबै भन्दा पछाडी पारिएको प्रदेश हो । समग्र देशको सन्तुलित विकाशको लागि हजारौको वलिदानी पश्चात देश केन्द्रिकृत राज्य प्रणालीबाट संघिय राज्य प्रणालीमा प्रवेश गरेको पनि करिव एक दशक पूरा हुन थालिसकेको छ भने संविधानले कल्पना गरे बमोजिम संघिय, प्रदेश र स्थानीय सरकार गरी तीन तहका सरकारले विगत लामो समयदेखि आफ्नो कार्य प्रारम्भ गर्दै आएका छन् । यसैगरी कर्णाली प्रदेशको मुख्य अभिभावक तथा संरक्षकीय भूमिकामा रहेको कर्णाली प्रदेश सरकारको समेत स्थापना भई प्रदेश सरकारले आफ्नो कार्य प्रारम्भ गरेको पनि लामो समय व्यतित भइसकेको अवस्था छ । त्यसैगरी प्रदेश सरकार संगसंगै कर्णाली प्रदेशभर २५ वटा नगरपालिका र ५४ वटा गाउपालिका गरी ७९ वटा स्थानीय सरकार समेत गठन भई संविधानको अनुसूची ८ र ९ मा उल्लिखित अधिकारहरुको प्रयोग गर्दै स्थानीय बासीहरुको समृद्धिको लागि कार्य गर्दै आइरहेको अवस्था छ । यति हुंदा हुदै पनि प्रत्यर्थीहरुले संविधानको धारा २० र ३९ ले गरेको परिकल्पना र बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा १७ ले व्यवस्था गरेको बाल सुधार गृह निर्माणमा हालसम्म कुनै पहल नगरेको कारण कर्णाली प्रदेशमा हालसम्म पनि बाल सुधार गृहको निर्माण हुन नसकेको अवस्था रहेको छ । बागमती र लुम्विनी प्रदेशमा दुई दुईवटा बाल सुधार गृहको स्थापना भइसक्दा समेत प्रत्यर्थीहरुको गैर जिम्मेवारीपनको कारण हालसम्म कर्णाली प्रदेशमा बाल सुधार गृहको निर्माण हुन नसकेको र कुनै पनि कसूरमा कानुनी बिवादमा परी न्यायिक तथा अर्ध न्यायिक नियकायबाट कोही कसैलाई बाल सुधार गृहमा पठाउने आदेश/फैसला भएमा सो को कार्यान्वयनको लागि लुम्विनी प्रदेशको बांके नेपालगन्ज स्थित जयन्द्र बाल सुधार गृहको भर पर्नु पर्ने अवस्था रहेको छ भने अर्को तर्फ कर्णाली प्रदेशबाट समेत बालकैदीहरुलाई नेपालगन्ज स्थित बाल सुधार गृहमा पठाएको कारण उक्त सुधार गृहमा बाल कैदीको अत्याधिक चाँप बढ्न भई कैदीहरुले पाउनु पर्ने न्यूनतम सेवा सुविधा समेत नपाई नारकिय अवस्थामा बस्न बाध्य छन । हाल कर्णाली प्रदेशका १० जिल्लामा

रहेका अदालतहरुले वाल न्याय सम्पादनको क्रममा सुधार गृहमा राख्नु पर्ने आदेश वा फैसला भए पश्चात वाल सुधारको लागि पठाउने गरिएको नेपालगन्जमा रहेको वाल सुधार गृहको क्षमता भन्दा वढी वालकहरुले सजाय भुक्तान गरिरहेको अवस्था छ । यसरी कर्णालीका वालवालिकाको सम्मान पूर्वक वाच्न पाउने हक, न्याय सम्वन्धी हक, स्वच्छ तथा स्वस्थ वातावरणमा वाच्न पाउने हक, वालबालिकाको हक लगायतका मौलिक हक उपभोग गर्न पाउने अधिकार माथि निर्मम कुठाराघात भएको हुंदा नेपालको संविधानको धारा १६, १८, २०, ३० र ३९ समेतले प्रत्याभुत गरेको मौलिक हकको प्रचलनार्थ ऐ.ऐ.को धारा १४४ (२) वमोजिम सम्मानित अदालतको अधिकार क्षेत्र गुहार्न उपस्थित भएको छौ ।

(च) "नेपालको संबिधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ, धारा १८ मा समानताको हक हुनेछ, धारा २० मा न्याय सम्बन्धी हक, धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक हुनेछ, र धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वागीण व्यक्तित्व बिकासको हक हुनेछ" भन्ने मौलिक हकहरुले प्रत्याभुत गरेको भएतापनि उक्त संवैधानिक व्यवस्थाको अनदेखा गरी प्रत्यर्थीहरुबाट भएका कार्यलाई जिम्मेवारी बनाई मौलिक हकको रक्षा गरीपाउँ ।

(छ) अतः बिपक्षीहरुले नेपालको संविधान र बालबालिका सम्वन्धी ऐन, २०७५ को मर्म र भावना बिपरित नागरिकको स्वच्छ वातावरणमा वाच्न पाउने, न्यायको सम्वन्धी हक र वालबालिका सम्बन्धी हक उपभोग गर्न पाउने नैसर्गिक अधिकार माथि नै खेलवाड गरिरहेका छन् । बिपक्षीहरुको गैर जिम्मेवारीपनका कारण संयुक्त राष्ट्र संघको वडापत्र, १९४५, मानव अधिकारको बिश्वब्यापी घोषणा पत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९६६ लगायतले प्रत्याभूत गरेको स्वस्थ्य र मर्यादित जीवन जीउन पाउने हकबाट बञ्चित हुनु परेको हुंदा उल्लेखित अधिकारको सुनिश्चतताको लागि बिपक्षीहरुको नाममा परमादेश लगायत अन्य जे जो चाहिने उपयुक्त दिर्घकालीन आदेश लगायत बिपक्षीहरुको जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ ।

२. प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकार क्षेत्र भित्र पर्दछ ।

३. यस सम्बन्धमा अन्य कुनै पनि अदालतमा निवेदन पेश गरेका छैनौ ।

४. हाल कानुन ब्यबसायी मुकरर गरेको छैन, पछि नियुक्त हुने कानुन व्यबसायीको वहस पैरवीलाई समेत यसै निवेदनको अभिन्न अंग मानिपाउँ ।

५. संलग्न कागजातहरु:

(क) निवेदकहरुको नेपाली नागरिकताको प्रतिलिपि थान........................................१/१

(ख) लुम्बिनी प्रदेशको बांके नेपालगंजमा रहेको जयन्द्र बाल सुधार गृहमा रहेको कानुनी बिवादमा परेका बालकहरुको बिवरण थान........................................१

(ग) कर्णाली प्रदेशमा बाल सुधार गृहको आवश्यकता सम्बन्धमा बिभिन्न मितिमा पत्र पत्रिकामा प्रकाशित समाचारहरुको प्रतिलिपिहरु थान........................................१

निवेदकहरु

निज अधिवक्ता प्रकाश बाबु ऐडी

निज नारायण सुवेदी

इति सम्वत २०८१ साल बैशाख ८०. गते रोज .२. शुभम् ।